**प्रस्तावहरुः**

२०७७।०७८-०४।०१ कार्यविधिहरु स्विकृत गर्ने सम्बन्धमा

क) रुपा गाउँपालिका कास्कीको योजना अनुमगन मूल्याङ्कन तथा फरफारक एवं भुक्तानी प्रक्रियालाइ व्यवस्थित गर्न बनेको कार्यविधि, २०७७ पारित गर्ने सम्बन्धमा ।

ख) रुपा गाउँपालिकाको कृषि व्यवसाय फर्म दर्ता, नविकरण तथा नियमन गर्न बनेको कार्यविधि, २०७७ ।

२०७७।०७८-०४।०२ योजना किताब स्विकृत गर्ने सम्बन्धमा

२०७७।०७८-०४।०३ खुदिखोलाको पुल मर्मत खर्च भुक्तानी सम्बन्धमा ।

२०७७।०७८-०४।०४ रुपा गाउँपालिका कास्की सेवा करारमा कार्यरत कर्मचारीहरुको २०७८ असार मसान्तसम्म करार म्याद थप सम्बन्धमा ।

२०७७।०७८-०४।०५ रुपा गाउँपालिका कास्कीको आर्थिक बर्ष २०७७।०७८ को श्रावण र भदौ महिनाको आम्दानी खर्च सम्बन्धमा ।

२०७७।०७८-०४।०६ कोरोना भाइरस नियन्त्रण रोकथाम सम्बन्धमा ।

२०७७।०७८-०४।०७ नदिजन्य पदार्थ उत्खननको ठेक्का स्विकृत सम्बन्धमा ।

२०७७।०७८-०४।०८ विपद् व्यस्थापन कोषको रकम खर्च सम्बन्धमा ।

२०७७।०७८-०४।०९ बिबिध सम्बन्धमा ।

**निर्णयहरुः-**

## कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०१

प्रस्ताव नं २०७७।०७८-०४।०१ माथि छलफल गर्दा निम्नानुसारका कार्यविधिहरु पारित गर्नेः

क) रुपा गाउँपालिका कास्कीको योजना अनुमगन मूल्याङ्कन तथा फरफारक एवं भुक्तानी प्रक्रियालाइ व्यवस्थित गर्न बनेको कार्यविधि, २०७७ पारित गर्ने सम्बन्धमा ।

ख) रुपा गाउँपालिकाको कृषि व्यवसाय फर्म दर्ता, नविकरण तथा नियमन गर्न बनेको कार्यविधि, २०७७ ।

## कार्यपालिका निर्णय नं २०७७।०७८-०४।२

प्रस्ताव नं २०७७।०७८-०४।०२ माथि छलफल गर्दा गाउँपालिकाको कार्यालयबाट पेश भएको परिमार्जित योजना किताव पारित गरी उपभोक्ता समितिबाट सञ्चालित हुने योजनाहरुमा उक्त योजना किताबका आधारमा अभिलेख व्यवस्थापन गर्ने ।

## कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०३



रुपा गाउँपालिका कास्की

प्रस्ताव नं २०७७।०७८-०४।०३ प्रस्तावमाथी छलफल गर्दा पोखरा महानगरपालिका वडा नं ३० र वडा नं ३२ जोड्ने खुदिखोला पुलमा मिति २०७७।०५।३० मा परेको अविरल बर्षातका कारण पुलमा क्षति पुगेको कारण मर्मत गर्ने भनि जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७७।५।३१ बसे जिल्ला प्रशासन कार्यालय कास्कीमा बसेको बैठकको निर्णयअनुसार पोखरा महानगरपालिका कास्की, गण्डकी प्रदेश भौतिक पूर्वाधार मन्त्रालय, सुरक्षा निकायबाट जनशक्ती प्रदान गर्ने, रुपाताल परियोजना र रुपा गाउँपालिका कास्की लगायतका निकायहरुको समन्वयमा पुल मर्मतको लागी आवश्यक कार्य गर्ने निर्णयअनुसार तत्काल कार्यसम्पन्न भएकोमा सहयोग गर्नुहुने सम्पुर्णमा धन्यवाद सहित रुपा गाउँपालिकाको तर्फबाट पुल मर्मतको समयमा प्रयोग भएका निर्माण सामाग्रीहरु ढुङ्गा, खाना खाजा बापतको खर्च सहित अन्य व्यवस्थापकीय खर्च भुक्तानी दिने निर्णय गरियो ।

## कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०४

प्रस्ताव नं २०७७।०७८-०४।०४ माथि छलफल गर्दा गाउँपालिकामा आर्थिक बर्ष २०७६।०७७ देखी निरन्तर रुपमा करार सेवामा कार्यरत निम्नानुसारका कर्मचारीहरुको करार म्याद मिति २०७७ साउन १ गतेदेखि लागु हुने गरी २०७८ असार मसान्तसम्मका लागी थप गर्ने निर्णय गरियो:

निम्न:

| क्र स | पद | व्यक्तिको नाम थर | ठेगाना | मासिक तलब स्केल | सेवा प्रवाह गर्नुपर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | इन्जिनियर | श्री विरेन्द्र तिवारी | पोखरा महानगरपालिका १२ कास्की | ३५९९०। | रुपा गाउँपालिका कास्की | |
| २ | कम्प्युटर अपरेटर | श्री अशोक परियार | रुपा ५ कास्की | २८८००। | रुपा गाउँपालिका कास्की | |
| ३ | अमिन | श्री चिरन्जिवि ढुङ्गाना | रुपा ५ कास्की | २६६१०। | रुपा गाउँपालिका कास्की | |
| ४ | खापासटे | श्री विश्वराज अधिकारी | रुपा ६ कास्की | २६६१०। | रुपा गाउँपालिका कास्की | |
| ५ | हलुका सवारी चालक | श्री प्रेम बहादुर क्षेत्री | रुपा ५ कास्की | २२०१०। | रुपा गाउँपालिका कास्की | अतिरिक्त सेवा भत्ता मासिक रु ६०००। |

रुपा गाउँपालिका कास्की

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | हलुका सवारी चालक | श्री राम बहादुर अधिकारी | रुपा ४ कास्की | २२०१०। | रुपा गाउँपालिका कास्की | अतिरिक्त सेवा भत्ता मासिक रु ६०००। |
| ७ | कार्यालय सहयोगी | श्री राजकुमार खड्का | रुपा ६ कास्की | १८०००। | रुपा गाउँपालिका कास्की | |
| ८ | कार्यालय सहयोगी | श्री ओम कुमारी गुरुङ | रुपा ६ कास्की | १३५००। | रुपा गाउँपालिका कास्की | |
| ९ | सामाजिक परिचालक | श्री सरस्वती पंगेनी | रुपा ६ कास्की | १५०००। | वडा नं ६ को कार्यालय | |
| १० | ल्याव असिष्टेन्ट | श्री अस्मिता गुरुङ | रुपा ६ कास्की | १३५०० | स्वास्थ्य शाखा | |
| ११ | ल्या असिष्टेन्ट | श्री कृपा ठकुरी | रुपा ४ कास्की | १३५०० | स्वास्थ्य शाखा | |
| १२ | ल्या असिष्टेन्ट | श्री शर्मिला थापा गोदार | रुपा १ कास्की | १३५००। | स्वास्थ्य शाखा | |
| १३ | ल्याव असिष्टेन्ट | श्री मन्जिला श्रेष्ठ | रुपा ५ कास्की | १३५००। | स्वास्थ्य शाखा | |
| १४ | ल्याव असिष्टेन्ट | श्री मनिषा श्रेष्ठ | रुपा ७ कास्की | १३५००। | स्वास्थ्य शाखा | |
| १५ | ना प्रास कृषि | श्री बिशाल कार्की | पर्वत | २६६१०। | कृषि सेवा शाखा | |
| १६ | ना प्रा स कृषि | श्री बसन्त पुरी | मध्यनेपाल नपा लम्जुङ | २६६१०। | कृषि सेवा शाखा | |
| १७ | ना प्रा स पशु | श्री सुवास रेग्मी | रुपा ४ कास्की | २६६१०। | पशु सेवा शाखा | |
| १८ | ना प्रा स पशु | श्री विमल सुवेदी | रुपा ७ कास्की | २६६१०। | पशु सेवा शाखा | |
| १९ | अपरेटर | श्री लाल बहादुर थापा | घोडाघोडी नपा ८ कैलाली | १८०००। | रुपा गाउँपालिका कास्की | फिल्ड भत्ता |
| २० | सहायक अपरेटर | श्री शुभाष तिवारी | रुपा ४ कास्की | ९०००। | रुपा गाउँपालिका कास्की | फिल्ड भत्ता |
| २१ | का स | श्री रमेश बहादुर आले | रुपा १ कास्की | १३५००। | वडा नं १ को कार्यालय | |
| २२ | कास | श्री धनपती ओझा | रुपा २ कास्की | १३५००। | वडा नं २ को कार्यालय | |
| २३ | कास | श्री श्री बहादुर जिसि | रुपा ३ कास्की | १८०००। | वडा नं ३ को कार्यालय | |

रुपा गाउँपालिका कास्की

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | कास | श्री नारायण प्रसाद पौडेल | रुपा ५ कास्की | १५०००। | वडा नं ५ को कार्यालय | |
| २५ | कास | श्री चिरन्जिवि पौडेल | रुपा ४ कास्की | १३५००। | वडा न ४ को कार्यालय | |
| २६ | कास | श्री भुमाया गुरुङ | रुपा ६ कास्की | १३५००। | वडा नं ६को कार्यालय | |
| २७ | कास | श्री मनोज सुवेदी | रुपा ७ कास्की | १८०००। | वडा नं ७ को कार्यालय | |
| २८ | कास | श्री बिष्णु कुमार श्रेष्ठ | रुपा ७ कास्की | १६०००। | आयुर्वेद शाखा | |
| २९ | कास | श्री रिता खनाल | रुपा ५ कास्की | १५०००। | आयुर्वेद शाखा | |
| ३० | कास | श्री मिना न्ययौपाने | रुपा ४ कास्की | १६०००। | आयुर्वेद शाखा | |
| ३१ | अनमी | श्री देवी परियार | रुपा ५ कास्की | २५०००। | रुपाकोट स्वास्थ्य चौकी | २४ घण्टे मातृ शिसु सेवा |
| ३२ | अनमी | श्री मनिषा जोशी | रुपा ५ कास्की | २५०००। | देउराली स्वास्थ्य चौकी | |
| ३३ | अहेव | श्री तोप बहादुर श्रेष्ठ | रुपा ५ कास्की | २००००। | स्वास्थ्य शाखा | आधारभुत स्वास्थ्य केन्द्रमा कार्यरत |
| ३४ | कास | श्री अप्सरा थापा | रुपा २ कास्की | ६०००। | स्वास्थ्य शाखा | |
| ३५ | कास | श्री शुसिला अधिकारी | रुपा ७ कास्की | ६०००। | स्वास्थ्य शाखा | |
| ३६ | कास | श्री कमला कुमारी खड्का | रुपा ६ कास्की | १८०००। | रुपाकोट स्वास्थ्य चौकी | |
| ३७ | कास | श्री कृष्णमाया गुरुङ | रुपा ६ कास्की | १८०००। | स्वास्थ्य शाखा रुपाकोट | |
| ३७ | कास | श्री सुरज कुमार श्रेष्ठ | रुपा ५ कास्की | १३५००। | देउराली स्वा चौकी | |
| ३८ | कास | श्री इश्वरी न्ययौपाने | रुपा ७ कास्की | १३५००। | रामकोट स्वास्थ्य चौकी | |
| ३९ | अहेव | श्री दिनेश राज सुवेदी | रुपा ७ कास्की | नेपाल सरकारको चौथो तहको न्यूनतम तलबमानको आधारमा रहेर | स्वास्थ्य शाखा | दैनिक ज्यालादारी करार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४० | अहेव | श्री नितु त्रिपाठी | रुपा ७ कास्की | नेपाल सरकारको चौथो तहको न्यूनतम तलबमानको आधारमा रहेर | स्वास्थ्य शाखा | |
| ४१ | अहेव | श्री शुष्मा पोखरेल | घाँसिकुवा १ तनहुँ | नेपाल सरकारको चौथो तहको न्यूनतम तलबमानको आधारमा रहेर | स्वास्थ्य शाखा | |
| ४२ | अहेव | श्री आशमाया सुनार | मध्यनेपाल नपा ८ लम्जुङ | नेपाल सरकारको चौथो तहको न्यूनतम तलबमानको आधारमा रहेर | स्वास्थ्य शाखा | |
| ४३ | MIS Operator | श्री सन्जय लामिछाने | रुपा ६ कास्की | पञ्जिकरण विभागको निर्णयअनुसारको सेवा सुविधा पाउने गरी | गाउँपालिका | |
| ४४ | फिल्ड सहायक | श्री इश्वरी न्यौपाने | रुपा ७ कास्की | | गाउँपालिका | |
| ४५ | रोजगार संयोजक | श्री सन्जयदत्त ढकाल | पोखरा ३२ कास्की | प्रधानमन्त्री रोजगार कार्यक्रमको निकासा अनुसार बढिमा मासिक ३५९९०। | गाउँपालिका | |

करार सेवामा कार्यरत कर्मचारीहरुले महंगी भत्ता बापत रु प्रत्येक बर्ष चैत्र महिनाको तलब भत्ता संगै पोशाक भत्ता बापत रु ३००० का दरले पाउने तथा प्राविधिक सेवाका कर्मचारीहरुलाइ फिल्ड भत्ताको सम्बन्धमा यसअघिको निर्णयअनुसार नै हुनेछ । चाडपर्व खर्चको बिषयमा गाउँपालिकामा कम्तिमा ६ महिना वा सोभन्दा बढी समय नियमित कार्यरत करार सेवामा कार्यरत कर्मचारीले खाइपाइ आएको मासिक तलब अनुसारको रकम बराबरको रकम चाडबाड खर्च बापत उपलब्ध गराउने तथा इन्धन सुविधाको सम्बन्धमा कार्यालयको निर्णयअनुसार हुनेछ ।

माथि जुनसुकै कुरा उल्लेख भएको भएतापनी नेपाल सरकारको शसर्त अनुदानको शिर्षकबाट मासिक सेवा सुविधा प्राप्त गर्ने कर्मचारीको हकमा नेपाल सरकारबाट शसर्त अनुदानको शिर्षकको आधारमा दामासाहीले हुन आउने रकमलाइ बाँडफाँड गरी मासिक सेवा सुविधा उपलब्ध गराइनेछ ।

## कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०५

प्रस्ताव नं २०७७।०७८-०४।०५ माथि छलफल गर्दा आर्थिक बर्ष २०७७।०७८ को साउन र भदौ महिनामा गाउँपालिकामा भएको निम्नानुसारको आम्दानी खर्चको विवरणउपर छलफल गरी अनुमोदन गरियोः

निम्नः

| क स | आम्दानी | | खर्च | मौज्दात | कैफियत |
|---|---|---|---|---|---|
| | श्रोत | निकासा | रकम | रकम | |
| १ | वित्तिय समानिकरण | १ करोड ९५ लाख ५० हजार मात्र | ० | १ करोड ९५ लाख ५० हजार | |
| २ | शसर्त अनुदान संघीय सरकार | ५ करोड ६१ लाख ६४ हजार ६ सय मात्र । | ० | ५ करोड ६१ लाख ६४ हजार ६ सय मात्र । | |
| ३ | राजश्व बाँडफाँड संघिय सरकार | ३३ लाख १० हजार ६०३ मात्र । | ० | ३३ लाख १० हजार ६०३ मात्र । | |
| ४ | आन्तरिक श्रोत | | | | |
| क | अघिल्लो आव को अल्या रकम | ७ करोड ४ लाख ३ हजार ८ सय ६९ मात्र | १४ लाख ६५ हजार २ सय ६४ मात्र । | | |
| ख | गाउँपालिकाको आम्दानी | ३ लाख ५ हजार ६ सय ९९ पैसा ८८ मात्र। | ० | | |
| ग | वडा नं १ को आम्दानी | ६३ हजार ७ सय ८१। | ० | | |
| घ | वडा नं २ को आम्दानी | १९ हजार ९ सय ६२। | ० | | |
| ङ | वडा नं ३ को आम्दानी | १४ हजार ३ सय २२ | ० | | |
| च | वडा नं ४ को आम्दानी | ५७ हजार ९ सय १३ | ० | | |
| छ | वडा नं ५ को आम्दानी | ८० हजार ८ सय ३९ | ० | | |
| ज | वडा नं ६ को आम्दानी | ४२ हजार ५ सय १८ | ० | | |
| झ | वडा नं ७ को आम्दानी | ४८ हजार ३ सय ५१ | ० | | |
| ५ | प्रकोप ब्यवस्थापन कोष | १ करोड २० लाख | १३ लाख १७ हजार ७ सय ६४ । | १ करोड ६ लाख ८२ हजार २ सय ३६ मात्र | |
| कुल जम्मा | | १६ करोड २० लाख ९७ हजार २ सय ८७ पैसा ६० मात्र। | २७ लाख ८३ हजार २८ मात्र | १५ करोड ९३ लाख १४ हजार २ सय ५९ पैसा ६० मात्र | |

रुपा गाउँपालिका कास्की

## कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०६

प्रस्ताव नं २०७७।०७८-०४।०६ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गरियो:

देहायः

क) हाल आइसोलेसनमा ६ जना रहेका र क्वारेन्टिनमा १५ जना रहेको जानकारी प्राप्त भएको ।

ख) मिति २०७७ भदौ १९ गतेदेखी हालसम्म गाउँपालिकाको क्वारेन्टिन तथा आइसोलन व्यवस्थापनमा कार्यालयका कर्मचारी श्री रुद्र बहादुर थापाबाट भएको खर्च तरकारीमा खर्च रु ३५ हजार ५ सय ९४ मात्र । इलोक्ट्रोनिक्स तर्फको खर्च ५ हजार १ सय मात्र । किराना तर्फको सामाग्री १९ हजार ३ सय ३५ मात्र ।भाडाकुँडा तर्फको खर्च रु ४९ हजार ९ सय ६० मात्र । गरी जम्मा रु १ लाख ९ हजार ९ सय ८९ मात्र खर्च अनुमोदन गरी नियमानुसार करकट्टी गरी भुक्तानी गर्ने ।

ग) बैकल्पिक सिकाइ सहजिकरण अन्तर्गत समुदायमा सञ्चालित सिकाइ लाइ निरन्तरता दिइ प्रविधिमैत्री सिकाइलाइ जोड दिने ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०७**

प्रस्ताव नं २०७७।०७८-०४।०७ माथि छलफल गर्दा रुपा गाउँपालिकाभित्रका निम्नानुसार घाटको समन्धमा निम्नअनुसारको निर्णय गर्नेः

क) रुपा गाउँपालिका कास्कीको वडा नं ३ मा रहेको मादी नदीको ढुङ्गा गिट्टी बालुवाको कर उठाउने सिलबन्दी दरभाउपत्र मिति २०७६।४।५ गतेको समाधान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएअनुसार स्विकृत राजश्व अनुमान २१ लाख, सिलबन्दी दरभाउपत्र खोलेको मिति २०७७।५।४, भएकोमा निर्धारित मितिमा जम्मा दुइवटा फर्म पि एल विल्डर प्रा लि र वि स कन्सट्रक्सन प्रा लि ले फर्म दर्ता गरेको देखिन्छ । जसको कार्यालयको मूल्याङ्कन समितिको प्रतिवदेन अनुसार हेर्दा पि एल बिल्डर प्रा लि को कवोल अंक ३२ लाख ६ हजार र वि एस कन्सट्रसन प्रा लि को कवोल अंक २४ लाख ११ हजार ३ सय ७० मात्र कवोल गरेको देखिन्छ। कार्यालयमा दर्ता हुन आएका दुवै फर्मले धरौटी बापत १ लाख ५० हजार जम्मा गरेकोमा कार्यालयबाट प्रकाशित सूचनाको आधारमा हेर्दा पि एल विल्डर प्रा लि ले पेश गरेको धरौटि रकम अपुग भइ निजले पेश गरेको सिलबन्दी दरभाउपत्र अयोग्य ठहर भएको व्यहोरा कार्यालयको मूल्याङ्कन समितिको प्रतिवेदनअनुसार जानकारी प्राप्त भएकोले गाउँपालिकालाइ आन्तरिक आम्दानी बढाउने एकमात्र उद्देश्यलाइ सर्वोपरी राखी पि एल विल्डर प्रा लि ले पेश गरेको सिलबन्दी दरभाउपत्र स्विकृत गरी सात दिनको म्याद दिइ सम्झौताको लागी पत्राचार गर्ने । तोकिएको मिति सम्ममा सम्झौता गर्न नआएमा पि एल बिल्डर प्रा लि ले पेश गरेको धरौटी जफत गरी दोश्रो दरभाउपत्रदातालाइ सम्झौताको लागी पत्राचार गर्ने ।दोश्रो दरभाउपत्रदाता समेत सम्झौता गर्न नआएमा निजको धरौटी जफत गराइ पुन अर्को सुचना प्रकासन गर्ने निर्णय गरियो ।

ख) रुपा गाउँपालिका कास्कीको वडा नं ७ मा रहेको मादी नदीको ढुङ्गा गिट्टी बालुवाको कर उठाउने सिलबन्दी दरभाउपत्र मिति २०७६।५।१६ गतेको समाधान राष्ट्रिय

दैनिक पत्रिकामा प्रकाशन भएअनुसार स्विकृत राजश्व अनुमान ५ लाख, सिलबन्दी दरभाउपत्र खोलेको मिति २०७७।५।३०, भएकोमा निर्धारित मितिमा जम्मा दुइवटा फर्म घर्ति निर्माण सेवा र अमर कन्सट्रक्सन प्रा लि ले फर्म दर्ता गरेको देखिन्छ । जसको कार्यालयको मूल्याङ्कन समितिको प्रतिवदेन अनुसार हेर्दा घर्ति निर्माण सेवाको कवोल अंक ९ लाख १९ हजार ७ सय ५० र अमर कन्सट्रक्सन प्रा लि को कवोल अंक ७ लाख ४४ हजार ७ सय ५७ रुपैया पैसा ५ मात्र कवोल गरेको देखिन्छ । घर्ति निर्माण सेवा नयाँ फर्म भएको तथा निजले दर्ता हुन आएका फर्महरुमध्यै सवैभन्दा बढी कबोल अंक सहित दरभाउपत्र पेश गरको तथा अमर कन्सट्रक्सन प्रा लि ले सूचना अनुसारको धरौटी रकम पेश नगरेकोले गाउँपालिकाको आन्तरिक आम्दानी बढाउने उद्देश्यले निजले पेश गरेको सिलबन्दी दरभाउपत्र योग्य ठहर भएको व्यहोरा कार्यालयको मूल्याङ्कन समितिको प्रतिवेदनअनुसार जानकारी प्राप्त भएकोले गाउँपालिकालाइ आन्तरिक आम्दानी बढाउने उद्देश्यलाइ सर्वोपरी राखी घर्ति निर्माण सेवाले पेश गरेको सिलबन्दी दरभाउपत्र स्विकृत गरी सात दिनको म्याद दिइ सम्झौताको लागी पत्राचार गर्ने । तोकिएको मिति सम्ममा सम्झौता गर्न नआएमा घर्ति निर्माण सेवाले पेश गरेको धरौटी जफत गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

ग) रुपा गाउँपालिका कास्कीको वडा नं १ मा रहेको मादी नदीको ढुङ्गा गिट्टी बालुवाको कर उठाउने सिलबन्दी दरभाउपत्र मिति २०७६।५।१६ गतेको समाधान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएअनुसार स्विकृत राजश्व अनुमान ७ लाख, सिलबन्दी दरभाउपत्र खोलेको मिति २०७७।५।३०, भएकोमा निर्धारित मितिमा जम्मा छवटा फर्म घर्ति निर्माण सेवा, कृष्णहरी निर्माण सेवा, सिता बिल्डर्स, शुभारम्भ मालिका देवी कन्स्ट्रक्सन, प्रयास एण्ड प्रसिद्ध कन्स्क्ट्रक्सन, र अमर कन्सट्रक्सन प्रा लि ले फर्म दर्ता गरेको देखिन्छ । जसको कार्यालयको मूल्याङ्कन समितिको प्रतिवदेन अनुसार हेर्दा घर्ति निर्माण सेवाको कवोल अंक १३ लाख ९९ हजार १ सय ९० र कृष्णहरी निर्मण सेवा प्रा लि को कवोल अंक १३ लाख १७ हजार ८ सय ९५ रुपैया मात्र कवोल गरेको देखिन्छ । घर्ति निर्माण सेवा नयाँ फर्म भएको तथा निजले दर्ता हुन आएका फर्महरुमध्यै सवैभन्दा बढी कबोल अंक सहित दरभाउपत्र पेश गरकोले गाउँपालिकाको आन्तरिक आम्दानी बढाउने उद्देश्यले निजले पेश गरेको सिलबन्दी दरभाउपत्र योग्य ठहर भएको व्यहोरा कार्यालयको मूल्याङ्कन समितिको प्रतिवेदनअनुसार जानकारी प्राप्त भएकोले गाउँपालिकालाइ आन्तरिक आम्दानी बढाउने उद्देश्यलाइ सर्वोपरी राखी घर्ति निर्माण सेवाले पेश गरेको सिलबन्दी दरभाउपत्र स्विकृत गरी सात दिनको म्याद दिइ सम्झौताको लागी पत्राचार गर्ने । तोकिएको मिति सम्ममा सम्झौता गर्न नआएमा घर्ति निर्माण सेवाले पेश गरेको

धरौटी जफत गरी मूल्याङ्नअनुसार दोश्रो हुने फर्मलाइ सम्झौताको लागी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

घ) ढुङ्गा गिट्टी दहत्तर बहत्तर मादी घाटको ठेक्का आव्हावनको सूचना अनुसार सिलबन्दि दरभाउपत्र पेश गर्दा सुजन श्रेष्ठ PL Builders Pvt Ltd र उमेश कुमार पुन BS Construction ले धरौटी वापतको रकम रु १ लाख ५० हजार गाउँपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेमा रुपा गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला गरेको हुनाले दुबै रकम जम्मा रु ३ लाख मात्र आन्तरिक राजश्व खाताबाट धरौटी खातामा ट्रान्सफर गरी नियमानुसार फिर्ता गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०८**

प्रस्ताव नं २०७७।०७८-०४।०८ मथि छलफल गर्दा मिति २०७७।०५।२२ गते राती परेको परेको अविरल बर्षातका कारण रुपा गाउँपालिकाभित्रका विभिन्न स्थानहरुका सडकहरु अवरुद्ध भएको तथा बस्तिहरु समेत जोखिममा परेको तथा निरन्तरको बर्षात तथा पहिरोका कारण रुपा गाउँपालिका वडा नं ६ बराहथोकमा आएको बाढीका कारण पहिरो गइ श्री काजी विकको घर पूर्ण रुपमा क्षतिग्रस्त भइ निज काजि विकको छोरी श्री सृजना विकको अस्पताल लैजादै गर्दा बाटोमै दुखद् निधन समेत भएको तथा सो आसपास रहेका बस्ति समेत जोखिममा रहेको तथा श्री काजि विक सहित श्री हरेराम बिक र श्री माया सुनारको घर बस्न नसकिने गरी क्षतविक्षत भएको व्यहोरा गाँउपालिका अध्यक्षसहित प्राविधिक टोली सहितको स्थलगत अध्ययन प्रतिवेदनका आधारमा अवगत भयो । रुपा गाउँपालिकाको वडा नं ६ बराहथोकका पहिरोपिडीत परिवारहरुमा तत्काल राहत तथा विस्थापित परिवारहरुमा आवश्यक लत्ताकपडा सहित गास बासको व्यवस्था गर्ने साथै मृतक सृजनका विकको परिवारमा तत्काल नगद राहत रकम रु ६० हजार र विस्थापित परिवार श्री हरेराम विकको परिवार तथा श्री माया सुनारको परिवारलाइ नगद राहत रकम रु १५ हजारका दरले उपलब्ध गराउने तथा गाउँपालिकाभित्र पहिरोकाकारण अवरुद्ध सडक सुचारु गराउन तत्काल उपलब्ध भएसम्म गाउँपालिकाको मेसिन आवश्यक परेमा निजी क्षेत्रको मेसिन समेत परिचालन गरि आवागमन नियमित सूचारु गराउने निर्णय अनुमोदन गरियो ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०४।०९**

प्रस्ताव नं २०७७।०७८-०४।०९ को विविध प्रस्तावमथि छलफल गर्दा निम्नअनुसारको निर्णय गर्ने:

क) हालसम्म गाउँपालिकाबाट भएका कार्यप्रगतिहरुको संक्षिप्त विवरण सहितको **रुपाको संगालो** प्रकाशन गर्ने ।

ख) स्वास्थ्य चौकी रुपाकोटमा औषधि पसल तथा चमेना गृह सञ्चालन तथा सोही भवनको माथी भवनमा कोठा निर्माणको लागी आवश्यक प्रक्रिया अगाडी बढाउने।

ग) कृषि तर्फ बिनियोजित बजेटबाट रु १५ लाखबाट प्लाष्टिक टनेल शिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने तथा बजेट पर्याप्त भएमा हेल नेट समेत खरिद गरी अध्यक्षस्तरिय निर्णयअनुसार कृषकहरुमा वितरण गर्ने ।

घ) भारतिय राजदुतावाससँग एम्बुलेन्स प्राप्तीको लागी प्रस्तावपत्र पेश गर्ने ।

मिति २०७७ साल असोज ७ गते बुधबार बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लेखित निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु ।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७७।०६।९ शुक्रबार

रुपा गाउँपालिका कास्की

आजको कार्यपालिका बैठक समापन गर्ने ।

रुपा गाउँपालिका कास्की